नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

मिति : ........................
२०७५।०४।३१

## प्रेस विज्ञप्ति

आज मिति २०७५ श्रावण ३१ गते सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्रीज्यू, माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीज्यू, माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रीज्यू, माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीज्यू र सहकारी क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाका प्रतिनिधिहरू बीच छलफल कार्यक्रम सम्पन्न भयो । छलफल कार्यक्रमको सुरुवातमा सहकारी क्षेत्रमा कार्यरत संघ संस्थाका प्रतिनिधिहरूले सहकारी क्षेत्रले झेल्दै आएका कानुनी र व्यवहारिक समस्याहरू सम्माननीय प्रधानमन्त्रीज्यू सामु प्रस्तुत गर्नु भएको थियो ।

छलफलमा सहभागी हुँदै सम्माननीय प्रधानमन्त्रीज्यूले सरकारी र निजी क्षेत्र पुग्न नसकेका क्षेत्रको आर्थिक–सामाजिक विकासमा सहकारी क्षेत्रको योगदान रहने हुँदा यस क्षेत्रलाई उत्पादन, बजारीकरण र सेवा प्रवाहमा संलग्न गराई उत्पादनमूलक कार्यमा संलग्न गराउनु पर्ने विषयमा जोड दिनुभयो । साथै, उहाँले जग्गाको चक्लाबन्दी मार्फत वृहत् परिमाणमा उत्पादन (Mass Production) गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्धन गर्ने कार्यमा सहकारी क्षेत्रले महत्वपूर्ण योगदान गर्न सक्ने विचार व्यक्त गर्नु भयो । सम्माननीय प्रधानमन्त्रीज्यूले प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमलाई सफल बनाई गरिबी न्यूनिकरण गर्न समेत सहकारी क्षेत्रले अहम् भूमिका निर्वाह गर्नु पर्ने धारणा व्यक्त गर्नु भयो ।

आम जनतालाई सचेत, संगठित र क्रियाशिल बनाइ विकास निर्माणको अभियानमा अग्रसर बनाउनको लागि सहकारीले महत्वपूर्ण योगदान गर्न सक्ने हुनाले सहकारी अभियानलाई अगाडि बढाउन यस क्षेत्रको विकास, विस्तार र प्रवर्धनका लागि सहकारी क्षेत्रमा रहेका कानुनी र व्यवहारिक समस्याको हल गर्न सरकार लागिपरेको सम्माननीय प्रधानमन्त्रीज्यूले बताउनु भयो ।

छलफलको क्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले सहकारी आन्दोलनलाई अनुशासित र प्रभावकारी बनाउँदै उत्पादन क्षेत्रमा सहकारीको लगानी केन्द्रित गरी रोजगारीका अवसरहरू सृजना गर्न सरोकारवाला सबैको साझा प्रयासको आवश्यकता रहेको औँल्याउनु भयो ।

छलफलको अन्तमा सम्माननीय प्रधानमन्त्रीज्यूले सहकारी अभियानलाई सबल र सक्षम बनाउनको लागि जनसंख्याको सबैभन्दा ठूलो हिस्साको रूपमा रहेको किसानको जीवनस्तर माथि उठाउन कृषिको यान्त्रिकीकरण, आधुनिकीकरण र व्यवसायीकरण गरी उत्पादन र उत्पादकत्व बढाउने, साथै स्थानीय स्रोत, श्रम, सीप र पुंजीको अधिकतम र सामूहिक रूपमा परिचालन गरि आर्थिक–सामाजिक रूपान्तरण मार्फत आम नागरिकको जीवनस्तर माथि उठाई सभ्य, सुरक्षित र समृद्ध समाज निर्माणमा सबैले पहल गर्नु पर्नेमा जोड दिनुभयो ।

..............................
(विनोद बहादुर कुँवर)
प्रवक्ता, सहसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np